१.१०.२०७७

बुलेटिन

३

CIVIC ACTION TEAMS

# GOV-HER-NANCE

"Gov-her-nance" महिलाको भुमिका, स्थानीय विकास र खुला सरकार सम्बन्धी विद्यमान समस्याको समाधान गर्ने हेतुले नयाँ आवाजलाई स्थान दिने एक पृथक अवधारणा हो । Gov-her-nance बुलेटिनले नेपाल भरिका विभिन्न समुदायबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरु संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । हामी यस बुलेटिनको माध्यमबाट महिला तथा लैंगिक अल्पसंख्यकका मुद्दालाई बाहिर ल्याएर धनगढी उप-महानगरवासी र उप-महानगरपालिका बिचको सूचनाको दुरी कम गरी लैंगिक मैत्री उप-महानगरको अवधारणालाई साकार पार्ने लक्ष राख्दछौं ।



बारीमा काम गर्दै फूलबारी कैलालीका थारु समुदायका महिलाहरु

*तस्वीर : प्रमिला थारु*

## राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तर्गत ७५३ वटा स्थानीय तहमा लैंगिक हिंसा निवारण कोषको स्थापना

स्थानीय तहले सरोकारवाला निकायको संलग्नतामा स्थानीय राहत समिति गठन गरी सो रकम निम्न अनुसार राहत प्रदान गर्ने प्रावधान गरेको छ ।

- हिंसा पीडितले कुनै सिपमुलक तालिम प्राप्त गरी व्यवसाय सञ्चालन गर्न वस्तुगत र नगद अनुदान माग गरेमा बढीमा प्रति व्यक्ति **रु.२०,०००** प्रदान गर्ने ।
- पीडितलाइ कानूनी सहायता, मनोवैज्ञानिक उपचार, मनोसामजिक परामर्श सेवाको लागि **रु. ५,०००** सम्म उपलब्ध गराउने ।
- पीडितको तत्काल उपचार गर्दाको खर्च (यात्रा गर्दा लाग्ने सवारीको भाडा, खान खर्च) प्रति दिन **रु. ३००**, बास बस्नु पर्ने भएमा छुट्टै रकम प्रतिदिन **रु. ५००** गरेर जम्मा **रु. ५,०००** सम्म उपलब्ध गराउने ।
- प्रदेश राहत समितिले घटनाको प्रकृति, पीडितको अवास्था विचार गरेपछि पीडितलाई राहत **रु. १०,०००** सम्म उपलब्ध गराउने ।
- पीडितलाई आस्पताल भर्ना गर्नु परेमा यात्रा गर्दा लाग्ने सार्वजनिक सवारीको भाडा, खान खर्च प्रति दिन **रु.३००**, आस्पताल बस्ने व्यवस्था नभई बाहिर बास बस्नु परेमा प्रतिदिन **रु. ५००** को दरले बढि मा ५ दिन को बास खर्च, उपचार खर्चसमेत गरी बढीमा **रु. ६,५००** सम्म उपलब्ध गराउने ।
- पीडितको छोराछोरीलाई पीडित सरहको खाना खर्च रकम दिने ।

राहत समितिले पीडितलाई राहत प्रदान गर्दा माथि भनिए बमोजिमको रकमको हद र आधार लिनु पर्नेछ ।

स्रोत : सबै स्थानीय तहले लैंगिक हिंसा निवारण कोष स्थापना तथा बिस्तारको लागि सशर्त अनुदान रकम खर्च सम्बन्धी मापदण्ड, २०७६

# हल्ला र तथ्य

**उपोभोक्ता समितिमा जहिले पनि पुरुष नै सहभागी भएको देख्छु । के यसमा महिला सहभागी हुने कुनै प्रावधान छैन ?**



१८ वर्ष पुरा गरेको, कसुवार नठहरिएको, स्थानीय बासिन्दा जो कोही पनि उपोभोक्ता समितिको सदस्य बन्न सक्छन् । सदस्य बन्न कुनै पनि अन्य उपोभक्त समितिको सदस्य, राजनीतिक दलको पदाधिकारी, जनप्रतिनिधि, बाहालावाला सरकारी कर्मचारी र शिक्षक भने हुनुहुँदैन । विशेष गरेर, महिलाहरुको सभागिताको सुनिश्चितता गर्न छुट्टै प्रावधान छ । उपोभोक्ता समितिमा कम्तीमा पनि ३३ प्रतिशत महिला हुनैपर्ने भनिएको छ । त्यसमा पनि समितिको अधक्ष्य, सचिव, र कोषाध्यक्ष मध्ये एक जना महिला पदाधिराकी हुनै पर्दछ ।


श्रोत : उपभोक्ता समिति कार्यविधि राजपत्र

**घरेलु हिँसाको पीडकलाई सजाय हुने व्यवस्था के कस्तो छ ?**



घरेलु हिँसा गर्ने पीडकलाई जरिवाना र कैद दुबैको सजायको व्यवस्था गारिएको छ । यसरी महिला माथि घरेलु हिँसा गरेमा ३ हजार जरिवाना देखि ६ महिना सम्म कैद वा दुवै सजाय हुने प्रावधान छ । पटठ-पटक हिँसा गर्ने पीडकलाई पटकैपिच्छे दोब्बर सजाय हुने व्यवस्था छ । यदि पीडक कुनै सर्वाजनिक पदमा बहाल रहेका छन् र उनले आफ्नो पत्नी, कुनै ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति, नाबालक वा गर्भवती महिला माथि कुनै किसिमको हिँसा गरेमा थाप १० प्रतिशत सजाय हुने व्यवस्था छ ।

श्रोत: राष्ट्रिय महिला आयोग सामाग्रीबाट साभार गरिएको



**गाउँमा अझै पनि बोक्सिको आरोपमा हिँसा भईरहन्छ । पीडितको तर्फबाट लिखित उजुरी नआउने भएकोले पीडकलाई कारवाही नहुने हो ?**

यस्ता कुनै पनि कसुर भैरहेको वा हुन लागेको थाहा भएमा नजिकैको प्रहरी कार्यालयमा लिखित वा मौखिक सूचना दिन सकिन्छ । यसरी प्रहरीले उजुरी पाउन साथ पीडकलाई २४ घण्टा भित्र पक्राउ गारी कानूनी प्रक्रिया सुरु गर्नुपर्दछ । बोक्सीको आरोप लगाउने, गाली बेइज्जत गर्ने, बोक्सीको आरोपमा बसिरहेको ठाउँबाट निकाला गर्ने, सामाजिक बहिस्कार गर्ने, कुनै व्यक्तिलाई आरोप लगाएर कुटपिट गर्ने, खोप्ने, डाम्ने, पोल्ने, रासायनिक, विषालु, जैविक पदार्थ प्रयोग गर्ने, मलमुत्र खुवाउने, चारपाटा मुढ्ने, नग्न पार्ने, कुनै किसिमको अपामनजनक वा अमानविय व्यवहार गर्ने आदि सबै दण्डनिय हुन्छ । साथसाथै, बोक्सीको आरोप लागेको व्यक्तिको परिवार माथि पनि अपमानजनक व्यवहार गरेमा पनि कानूनी अपराध मानिन्छ ।

स्रोत : बोक्सीको आरोप सम्बन्धी कसूर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७२

accountabilitylab NEPAL

# समाजलाई महिलामाथी विश्वास गर्न पितृसत्तात्मक सोच बाधक



अहिले प्राय महिलाहरूलाई सामाजिक गतिविधीमा सहभागि गराइएकै हुन्छन् । तर, त्यहाँ न त महिलालाई आफ्नो विचार राख्न दिन्छन्, न त बोलेको कुरा नै सुन्छन् । महिला सहभागिता गरायौं भनेर कोटा पुऱ्याउन र हस्ताक्षर गर्न मात्र बोलाईन्छ । समाजको यस्तो व्यवहारले निरास बनाउँछ । तर, सधै यस्तै भईरहयो भने त हाम्रो कुरा कहिले सुनिएला ? त्यसैले मलाई समाजमा केही गरेरै देखाउनुपर्छ भन्ने लाग्थ्यो ।

मैले एक दिन आँट गरेर आफ्नो वडाका वडा अध्यक्ष प्रेम भण्डारीलाई मलाई पनि केही जिम्मेवारी दिनुस्, म पनि केहीगर्न चाहन्छु भनेर आफ्नो कुरा राखें । उहाँले मलाई हुन्छ भनेर शिवनगर टोल सडक किनारमा टेवा पर्खाल निर्माण गर्न बनेको उपभोक्ता समितिको अध्यक्षको जिम्मेवारी दिनुभयो । मैले जिम्मेवारी त पाएँ, तर महिला भएकै कारणले जिम्मेवारी पाउँदा पनि मलाई कसैले विश्वास गरेनन् । "महिला भएर यति ठूलो जिम्मेवारी सम्हाल्न सक्नुहुन्छ ?" "तपाई गर्न सक्नु हुन्न । सक्ने मान्छे (पुरुष) लाई अध्यक्ष बनाउनु पर्छ । तपाई यो पद छोडिदिनुस्" भन्ने जस्ता कुराहरू आए ।

कतिले त "राम्रो काम गर्न सक्नु भएन भने जेल जानु पर्ला" सम्म भनेर धम्काउनउन थाले । तर, म पछि हटिन । किनभने मलाई यो काम गर्न सक्छु भनेर विश्वास छ । मलाई मेरो वडा अध्यक्ष र ओभरसियरले पनि धेरै सहयोग गर्नुभयो । "तपाई सक्नुहुन्छ, नडराउनुहोस्, हामी छौं" भन्नुभयो । महिला अगाडी बढ्नुपर्छ, हामी सहयोग गर्छौं" भनेर हौसला दिनुभयो । त्यसले मलाई धेरै साहस मिल्यो ।

अहिले हाम्रो काम भने सुरु भएको छैन । हामी तयारी गरिरहेका छौं । मैले पाएको जिम्मेवारीलाई पुरा गर्न म तयार छु । म जस्ता धेरै महिला दिदिबहिनिहरू समाजमा केही गर्न र अगाडी बढ्न चाहन्छन् । तर, उनिहरूलाई अगाडी आउनबाट पितृसत्तात्मक सोच भएको समाजले अझै रोकिरहेको छ । जबसम्म यो समाजले महिलालाई विश्वास गर्दैन, तब सम्म महिला चाहेर पनि अगाडी बढ्न सक्दैनन् ।



> महिला पछाडी पर्नुको मुख्य कारण भनेको महिलामाथी विश्वास नगरिनु हो । जबसम्म महिलामाथी विश्वास गरिदैन, तब सम्म महिलाहरू अगाडी बढ्न सक्दैनन् । त्यसैले अगाडी बढ्न चाहने महिलालाई जिम्मेवारी दिएर हौसला प्रदान गर्न जरुरी छ ।

**निर्मला बिष्ट धानुक**

अध्यक्ष, शिवनगर टोल सडक किनारमा टेवा पर्खाल निर्माण काम गर्न बनेको उपभोक्ता समिति

धनगढी उप-महानगरपालिका - ९

# समुदायको प्रतिनिधी आवाज

## तारा चौधरी

*वडा सदस्य,*
*धनगढी उप-महानगरपालिका वडा नं. ८*



कानूनले महिलाको लागि आरक्षणको कुरा गर्छ, तर पनि महिलाहरूलाई कतै पनि समावेश गर्दा प्रश्न उठाईन्छ । समावेश गरे पनि नामको लागि मात्र गरिन्छ । टोलमा कुनै पनि काम गर्दा होस्, झगडाको मेलमिलाप गर्न होस् वा अन्य सामाजिक, आर्थिक, लैंगिक, वातावरणिय केहि कुरामा पनि महिलालाई पत्याउदैंनन् । जनप्रतिनिधि भइसकेपछि महिलाको लागि केहि गरौं जस्तो लाग्छ । महिलाहरूलाई आर्थिक रूपले सक्षम बनाऊ जस्तो लाग्छ । तर, वडाले दिएको बजेट थोरै भएको हुनाले चाहेर पनि केहि गर्न सकेको छैन । तालिम दिँदा त्यसको कर्यान्यवयन हुदैन । तालिम पछि उनीहरूलाई व्यवसाय संचालन गर्न अग्रसर बनाउनु पर्छ । त्यो गर्न नसकेको देख्दा पछुतो लाग्छ । अबको १ वर्षको अवधिमा हामीले यो कार्यको अलिकति मात्र सुरुवात गर्न सकेपनि अर्को कर्यकालको लागि उदाहरण बन्थ्यो होला ।

## कल्याणी सिंह

*वडा सदस्य,*
*धनगढी उप-महानगरपालिका वडा नं. १*



महिला सदस्य भएर आएपछि महिला, दलित, अपांग, अल्पसंख्यक, पछाडी पारिएका सबैका लागि काम गर्नु पर्ने हुन्छ । महिलाहरु पछाडी हुनुको थुप्रै कारणहरु मध्ये मुख्य कारण भनेको आर्थिक परनिर्भरता पनि हो । महि( लालाई स्वावलम्बी बनाउन सक्ने कार्यक्रम ल्याउनुपर्छ । त्यस्तै कार्यक्र( महरुका लागि नगरले बजेट पनि छुट्याएको छ । तर, त्यो बजेट कम छ । हुन त महिला, दलित, अपांग, अल्पसंख्यकहरूका लागि ब्यूटि पार्लर, सिलाइकटाई, ड्राइभिङ आदि जस्ता तालिमहरू दिएको छ । यति तालिम दिँदा पनि कहिले काहीं प्रभावकारी नभएको होकि जस्तो लाग्छ । तालिमसँगै त्यस्ता कार्यक्रम दिगो रुपमा सञ्चालन गर्न वातावरण पनि बनाउन जरुरी छ ।

CIVIC ACTION TEAMS



## DISCLAIMER

*यो अंकमा समेटिएका जानकारीहरु समुदायमा काम गरिरहेका स्वम्सेवक, अनलाईन माध्यममा उपलब्ध आधिकारिक स्रोत, सरकारी कार्यालय र अकाउन्टविलिटी ल्याब नेपालको फेलोसिप अन्तरगत काम गरिरहेको महिलाको समुहले विभिन्न व्यक्तिह( रुसँग विगत एक हप्तामा प्रत्यक्ष तथा अप्रत्यक्ष गरेको कुराकानीका् आधारमा संकलन गरिएकाहुन् । विषयको महत्व, सान्दर्भिकता र यसले धनगढी उप-महानगरपालिकामा पार्न सक्ने सकारात्मक प्रभावलाई ध्यान दिएर प्रस्तुत विषयवस्तु छनोट गरिएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।*

**"Gov-her-nance" अकाउन्टविलिटी ल्याब नेपालले धनगढी उपमहानगरपालिकासँगको सहकार्य र CFLI को सहयोगमा तयार गरिएको हो ।**

accountabilitylab NEPAL

DHANGADHI SUB-METROPOLITAN CITY

Activity supported by the Canada Fund for Local Initiatives

Activité réalisée avec l'appui du Fonds canadien d'initiatives locales

Canada

@CivicActionTeams @CivActs @civacts

CivActs | Email: civactsnp@accountabilitylab.org | Phone: 9851203219